कालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रेडक्रस ग्राम, कालिका

चितवन, नेपाल

च. नं.-

मितीः.......................................

**फोहर संकलन तथा ब्यबस्थापनका लागी MRF केन्द्र सञ्चालन तथा Landfill site निर्माण प्रयेजनार्थ जग्गा लिजमा लिने सम्बन्धमा कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको १५ दिने सुचना।**

**(सुचना प्रकासन मिती: २०८१/०८/१७)**

कालिका नगरपालिकाको दिगो फोहरमैला ब्यबस्थापनका लागी MRF केन्द्र सञ्चालन तथा Landfill site निर्माण प्रयेजनार्थ तपसिल बमोजिमका सर्तहरुको अधिनमारही कालिका नगर क्षेत्रभित्र अफ्नो निजि जग्गा लिजमा उपलब्ध गराउन ईच्छुक नगरबासिहरुमा जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धमा यो सुचना प्रकासन गरिएको छ।

**सर्तहरु:**

१. ब्यक्तिगत रुपमा लालपुर्जा कायम रहेको र कम्तिमा १० (दस) कठ्ठा क्षेत्रफल भएको जग्गाको हुनु पर्ने छ।

२. एक भन्दा बढी ब्यक्तिले संयुक्त रुपमा जग्गा उपलबध गराउन चाहेको अवस्थामा उल्लेखित जमिन कित्ताहरु साँध सिमान जोडिएको र सबै कित्ताहरुको ब्यक्तिगत रुपमा लालपुर्जा कायम रहेको हुनु पर्ने।

३. जग्गा लिजमा उपलब्ध गराउदा कम्तिमा १० (दस) बर्षकलागी लिजमा उपलब्ध गराउने प्रतिबद्दता जनाउनु पर्ने छ।

४. लिजमा उपलब्ध गराउन प्रस्ताबित जमिन अन्य कुनै निकायमा धरौटि, धितो वा लिजमा रहेको हुनुहुने छैन। यस सम्बन्धमा जग्गा धनिले स्वघोसणा निबेदन समेत सम्लग्न गर्नु पर्ने छ।

५. जग्गा धनिले लिजमा उपलब्ध गराउन प्रस्ताबित जमिन कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लाई **फोहर संकलन तथा ब्यबस्थापन कार्यकालागी MRF केन्द्र सञ्चालन एवं Landfill site निर्माण एवं ब्यबस्थापन** प्रयेजनाकालगी निर्वाधरुपमा प्रयोग गर्ने दिने प्रतिवद्धता पत्र सम्लग्न गर्नु पर्ने छ।

६. जग्गा लिजमा उपलब्ध गराउन ईच्छुक नगरबासिले प्रति कठ्ठा प्रति बर्ष के कती भाडा दररेटमा (कर समेत) उपलब्ध गराउने हो सो समेत खुलाई निबेदन दिनु पर्ने छ।

७. लिजमा उपलब्ध गराउन प्रस्ताबित जमिन सँग सवै मौसममा सवारी साधन चलाउन सकोने सडक जोडिएको हनुपर्नेछ र निर्वाध रुपमा सवारी साधन सञ्चालन गर्न सकिने हुनु पर्ने छ।

८. प्रस्ताबित जमिनमा **MRF केन्द्र सञ्चालन एवं Landfill site निर्माण एवं ब्यबस्थापन** गर्दा स्थानिय आवागमन तथा दैनिक जनजिबन एवं वातावरणिय तथा पर्यावरणिय असर नपर्ने प्रतिबद्दता जनाउनु पर्ने छ। यस सम्बन्धमा सम्बन्धित वडा कार्यालयका प्रतिनिधिको रोहवरमा प्रस्तावित जमिन कित्ता सँग सँध-सिमान जोडिएका जग्गाधनिहरु र स्थानिय भद्र भलाद्मिहरुको उपस्थितिमा सर्जमिन मुचुल्का गरि पेश गर्नु पर्ने छ।

९. निबेदकले लिजमा उपलब्ध गराउन प्रस्ताबित जमिन रहेको टोल बिकास संस्था र संबन्धित वडा कार्यालयको सिफारीस समेत पेश गर्नु पर्ने छ।

१०. प्राप्त निबेदन अनुसार प्रस्ताबित जमिन लिजमा लिने, नलिने वा आम्सिक रुपमा लिने सम्बन्धमा निर्णय गर्ने अधिकार कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निहित रहने छ। यस सँग सम्वन्धित अन्य ब्यहोरा कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको निर्णय एवं प्रचलित कानुन वमोजिम हुने छ।

कालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रेडक्रस ग्राम, कालिका

चितवन, नेपाल

११. निबेदकले हस्तलिखित निबेदन का साथ सुचना प्रकासन भएको मितीले १५ दिन भित्र कार्यालय समायमा तपसिल बमोजिम कागजातहरु सम्लग्न गरी **कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय वा सम्वन्धित वडा कार्यालयमा** निबेदन दर्ता गर्नुपर्ने छ।

**तपसिलः**

- हस्तलिखित निबेदन (सर्त नं ६ बमोजिम ब्यहोरा समेत खुलाई)
- प्रस्ताबित जमिनको लालपुर्जाको प्रतिलिपी
- चालु आ. व. सम्म सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी
- प्रस्ताबित जमिनको नापि नक्साको सक्कल प्रती
- स्वघोसणा निबेदन (सर्त नं ४ बमोजिम)
- प्रतिवद्धता पत्र (सर्त नं ५ बमोजिम)
- स्थलगत सर्जमिन मुचुल्काको सक्कल प्रती (सर्त नं ८ बमोजिम)
- टोल बिकास संस्थाको सिफारिसको सक्कल प्रती (सर्त नं ९ बमोजिम)
- वडा कार्यालयको सिफारिस को सक्कल प्रती (सर्त नं ९ बमोजिम)